ऐन संख्या : ०१

# फालेलुङ गाउँपालिका
## आर्थिक ऐनको २०७४
गाउँसभाबाट स्वीकृत मिति : ०७४।०५।२७

फालेलुङ गाउँपालिका

फालेलुङ गाउँपालिका
मेमेङ, पाँचथर
१ नं प्रदेश नेपाल

## फालेलुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

फालेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फालेलुङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।
(२) यो ऐन फालेलुङ गाउँसभाले पारित गरेको मिति देखि फालेलुङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **भूमि कर (मालपोत) M**गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

३. **घर वहाल करः** गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **विज्ञापन करः** गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरन्जन करः** गाउँपालिकाक्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाक्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **धुरि करः** गाउपालिका क्षेत्रमा रहेका घर धुरिको यकिन गरि अनुसुची (१०) बमोजिम धुरि कर असुल उपर गरिनेछ।

१२. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। (तर पुराना संरचना अनुसार साविक गा.वि.स.हुँदाका बखत लामो समय सम्म भुमि कर नतिरेका भुमिपति लाई यस आ.व. को पौष मसान्त भित्र भुमि कर तिरे जरिवानाको ५० प्रतिशत छुट दिइनेछ।)

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकातोके अनुसार हुने छ।

१४. **कर लाएको मानिनेः** गाउँसभाबाट यो ऐन पारित हुनु भन्दा अघि साविकका गाउँविकास समितिको परिषदले निर्धारण गरेको करको दरका आधारमा कर संकलन गरिएको भए उक्त करलाई यही ऐन अनुरुप लिएको मानिने छ।

## अनुसूची -१
## (भुमी कर)

| | | | |
|---|---|---|---|
| १ | भुमि कर (मालपोत) | पाखावारी(चाहर) | प्रति रोपनी रु ३ |
| | | सिम | प्रति रोपनी रु ३ |
| | | दोयम | प्रति रोपनी रु ३ |
| | | अव्वल | प्रति रोपनी रु ४ |
| | | चिया/अलैंची खेती भए | प्रति रोपनी रु ५ |

प्रत्येक वर्ष पौष मसान्त सम्म भुमि कर तिर्नु नागरिक्को  कर्तव्य हुनेछ। यसरी म्याद नाघेर कर तिर्न आउने सेवाग्राहीले १० प्रतिशत थप कर तिर्नुपर्नेछ। २ वर्ष सम्म कर नवुझाउनेलाई जम्मा कर रकमको  २५ प्रतिशत , ५ वर्ष सम्म कर नबुझाउनेलाई जम्मा कर रकमको ५० प्रतिशत र ५ बर्षभन्दा बढी समय समम कर नबुझाउनेलाई जम्मा कर रकमको १०० प्रतिशत जरिवाना लगाइनेछ।

## अनुसूची -२
## (घर वहाल कर)

| | |
|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आँशिक तवरले बहालमा दिएकोमा वहालमा दिइएको कुल रकमको १० प्रतिशत वहालकर लिन उपयुक्त हुने। |

## अनुसूची -३
## (व्यवसाय कर/नविकरण शुल्क)

| क.सं | व्यवसाय | विवरण | बार्षिक दर |
|---|---|---|---|
| १ | मदिरा पसल/चुरोट विडि तथा सुतिर्जन्य | | रु. ३००० |
| २ | औषधि पसल | | रु १००० |
| ३ | हल्का पेय पदार्थ | | रु ५०० |
| ४ | सुनचाँदी पसल | | रु. १००० |
| ५ | माछामासु/फलफुल/तरकारी/ एग्रोभेट पसल | | रु ५०० |
| ६ | स्टेशनरी तथा पुस्तक पसल | | रु ५०० |
| ७ | कस्मेटिक/उपहार पसल | | रु ५०० |
| ८ | मोटर पार्टस | | रु. १००० |
| ९ | कपडा, फेन्सि , जुत्ता चप्पल , व्याग पसल | | रु २००० |
| १० | इलेक्ट्रोनिक पसल | | रु ५०० |
| ११ | हार्डवेयर, मेसिनरी | | रु १००० |
| १२ | पेट्रोलियम पदार्थ विक्रि केन्द्र | | रु ५०० |
| १३ | किराना पसल | | रु १००० |
| १४ | भाँडा पसल (प्लाष्टिक, भाँडा, स्टील, तामा , काँच, अल्मुनियम, सिल्भर ) | | रु १००० |

| | | | |
|---|---|---|---|
| १५ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | रु २००० |
| | | कन्सल्टेन्ट (इन्जिनीयरिङ सेवा) | रु २००० |
| | | कानुन व्यवसायी ल फर्म | रु २००० |
| | | लेखापरीक्षण व्यवसायी | रु २००० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | रु २००० |
| | | रोजगार सेवा | रु २००० |
| १६ | ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | | रु २००० |
| १७ | चिया नास्ता पसल | | रु ५०० |
| १८ | जग्गा तथा निर्माण व्यवसायी | | रु २००० |
| १९ | उत्पदनमुलक उद्योग (सवै प्रकारका) | | रु २००० |
| २० | होटल व्यवसायी | | रु १५०० |
| २१ | सञ्चार | एफ.एम.प्रशारण | रु. २००० |
| | | केवुल च्यानल प्रशारण | रु. २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | रु. २००० |
| | | साइवर क्याफे, पि.सि.ओ | रु. २००० |
| २२ | बैङ्क तथा वित्तिय संस्था | वाणिज्य बैङ्क प्रति शाखा | रु. ५००० |
| | | विकास बैङ्क प्रति शाखा | रु ४००० |
| | | फाइनान्स कम्पनि प्रति शाखा | रु ३००० |
| | | वित्तीय, ऋण सहकारी संस्था | रु २००० |
| | | मनी ट्रान्सफर | रु २००० |
| | | विमा कम्पनी | रु ३००० |
| | | लघु वित्त | रु २००० |
| २३ | स्वास्थ्य सेवा व्यवसाय | निजि अस्पताल तथा नर्सिङ होम | रु ५००० |
| | | क्लिनिक तथा ल्याव | रु ३००० |
| | | चस्मा पसल | रु २००० |
| २४ | शिक्षा सेवा निजी | क्याम्पस | रु ५००० |
| | | माध्यमिक विद्यालय | रु ४००० |
| | | आधारभुत | रु. ३००० |
| | | छात्र/छात्रावास | रु १००० |
| | | पूर्वप्राथमिक विद्यालय | रु १००० |
| | | मन्टेश्वरी | रु ५०० |
| | | ट्युसन सेन्टर | रु ५०० |
| २५ | मिल (कुटानी पिशानी) | | रु ५०० |

## अनुसूची -४

## (जडिवुटी, कवाडी र जीवजन्तु कर)

| | प्रति किलो ग्राम | |
|---|---|---|
| जडिबुटि कर | चिराइतो | रु २ |
| | मझिटो | रु ०.५ |
| | सतुवा | रु १०० |
| | अदुवा | रु ०.२५ |
| | लोठ सल्ला | रु ०.५ |
| | पा्चओ्ले | रु २ |
| | पाखन्डेस | रु २ |
| | बुढो ओखती | रु ०.५ |
| | बोके टिम्बुर | रु ०.५ |
| | चुथ्रो | रु ०.५ |

| | |
|---|---|
| कवाडी र जिवजन्तु कर | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तु को हाड, सिङ, प्वाँख छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय अनुसारको कर लगाउन उपयुक्त हुने ।<br>देहाय :<br>साना गाडि प्रति पटक रु. १०००<br>ठुला गाडि प्रति पडक रु. २००० |

## अनुसूची -५

## सवारी साधन कर

| | | |
|---|---|---|
| सवारी साधन कर | मोटरसाइकल | रु. २०० बार्षिक |
| | प्राइभेट कार, जिप, भ्यान | रु ५०० वार्षिक |
| | भाडाका कार जिप भ्यान | रु १००० वार्षिक |
| | ट्रयाक्टर/वस/मिनि वस | रु २५०० वार्िषक |
| | अन्य ठुला गाडी | रु ५००० वार्षिक |

## अनुसूची -६

## (विज्ञापन कर)

| | | |
|---|---|---|
| विज्ञापन कर | पर्खाल/बार/भित्तामा पोतिएको | रु. ५० |
| | सार्वजनिक स्थलमा साइनवोर्ड राखिएको | रु. ५० |
| | पोल/व्यानर | रु. ५० |
| | गाडिमा गरिने विज्ञापन | रु. ५० |

## अनुसूची -७

### (मनोरन्जन कर)

| | |
|---|---|
| मनोरन्जन कर | जिल्ला प्रशासन कार्यालय वा गाउँकार्यपालिकाको कार्यालयबाट अनुमति वा स्विकृति लिइ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जनात्मक कार्यक्रम, पर्व, मेला , महोत्सव सञ्चालन गरे वापत प्रति कार्यक्रम एकमुष्ठ रु १००० मनोरन्जन वापतको कर आयोजक सँग लिन उपयुक्त हुने । |

## अनुसूची -८

### (बहाल बिटौरी कर)

| | |
|---|---|
| बहाल विटौरी कर | गाृउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेको हाट वजार, पसल, हल, सामुदायिक भवन,जग्गा वा अन्य कुनै पनि किसिमको व्यवसायिक भवन प्रयोगमा ल्याइएकोमा प्रतिस्पर्धाको आधारमा हुन आउने अधिकतम रकम वहाल विटौरी करको रुपमा लगाउन उपयुक्त हुने । |

## अनुसूची -९

### (सेवा शुल्क दस्तुर)

| क्र.सं | प्रमाणित | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | जिवित संग | रु २०० |
| | | मृतक संग | रु २०० |
| २ | जन्म मिति प्रमाणित | | रु २०० |
| ३ | विवाहित तथा अविवाहित प्रमाणित | | रु २०० |
| ४. | घर पातल प्रमाणित | | रु २०० |
| ५ | व्यक्तिगत विवरण प्रमाणित | | रु २०० |
| ६ | एकासगोल परिवार प्रमाणित | | रु २०० |
| ७ | कागज तथा मञ्जुरीनामा प्रमाणित | | रु २०० |
| ८ | संरक्षण प्रमाणित गर्ने | | रु. २०० |
| ९ | हकवाला र हकदार प्रमाणित गर्ने | | रु २०० |
| १० | जग्गा/सम्पत्ति मुल्याङ्कन सिफारिस प्रमाणित गर्ने | | ५ लाख भन्दा कम भए रु ५०० अन्यथा रु. १००० |
| ११ | विपन्नता प्रमाणित गर्ने | | नि:शुल्क |
| १२ | सम्पन्नता प्रमाणित गर्ने | | रु ५०० |
| १३ | घर निर्माण सम्पन्न प्रमाणित गर्ने | आर.सि.सि | प्रति तला रु. १००० |
| | | जस्ताले छाएको पक्कि | रु ५०० |
| | | अन्य कच्चि | रु २०० |
| १४ | दलित अल्पसङ्ख्यक तथा जनजाति प्रमाणित | | रु. २०० |
| १५ | चारकिल्ला प्रमाणित | | रु २०० |
| १६ | बार्षिक आय प्रमाणित | | जम्मा आयको ०.५० प्रतिशत |
| १७ | ज्येष्ठ नागरिक/एकल महिला प्रमाणित | | नि:शुल्क |
| १८ | बसाइँसराइँ/मृत्यु/सम्बन्ध विच्छेद प्रमाणित | | रु २०० |
| १९ | माथि उल्लीखित बाहेकका अन्य प्रमाणित गर्न | | रु २०० |

| क्र.सं. | सिफारिस | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | नागरिकता (बंशज) | | रु. २०० |
| २ | नागरिकता (अंगिकृत) | | रु. ७०० |
| ३. | नागरिकता प्रतिलिपिका लागि सिफारिस | | रु. २०० |
| ४ | नागरिकता संशोधन सिफारिस | | रु २०० |
| ५ | वहालकरको लेखाजोखा सिफारिस | | रु २०० |
| ६. | व्यपार व्यवसाय वन्द भएको/सञ्चालन नभएको सिफारिस | | रु.२०० |
| ७ | मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने | | रु २०० |
| ८ | स्वास्थ्य उपचारको सिफारिस (स:शुल्क) | | रु. ५०० |
| ९. | स्वास्थ्य उपचारको सिफारिस(नि:शुल्क) | | नि:शुल्क |
| १० | पुर्जामा घर कायम गर्न सिफारिस गर्ने | | रु २०० |
| ११ | नाम थर जन्म मिति संशोधनका लागि सिफारिस गर्ने | | रु २०० |
| १२ | दुवै नाम वा थर गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | | रु २०० |
| १३ | जग्गा धनिपुर्जा हराएको सिफारिस | | रु. २०० |
| १४ | कित्ताकाट गर्न सिफारिस | | रु. २०० |
| १५ | संरक्षक सिफारिस गर्ने (व्यक्तिगत) | | रु २०० |
| १६ | संरक्षक सिफारिस गर्ने (संस्थागत) | | रु ५०० |
| १७ | जग्गा नामसारी गर्न सिफारिस | महिला को नाउँमा नामसारी गर्दा २५ प्रतिशत छुट दिने | ५०० |
| १८ | जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने | | रु २०० |
| १९ | सर्जमिन सिफारिस गर्ने | | रु २०० |
| २० | उद्योग ठाँउसारी गर्न सिफारिस गर्ने | | रु १००० |
| २१ | जीवित रहेको सिफारिस गर्ने | | रु २०० |
| २२ | विद्यालय कक्षा थप गर्न सिफारिस गर्ने | संस्थागत | रु २००० |
| | | सामुदायिक | रु ५०० |
| २३ | विद्यालय खोल्ने सिफारिस र अनुमति दिने | संस्थागत | रु. ५००० |
| | | सामुदायिक | रु. ५०० |
| २४ | पालणपोषणका लागि सिफारिस गर्ने | | नि:शुल्क |
| २५ | धारा तथा विद्युत जडानका लागि सिफारिस | महिलाको नाममा रहेको घरमा २५ प्रतिशत छुट दिने | रु २०० |
| २६ | विद्यालय ठाउँ/नामसारी गर्न सिफारिस गर्ने | | रु २००० |
| २७ | पेन्सन पट्टा सम्बन्धि सिफारिस | नेपाल मा सेवारत | रु. २०० |
| | | भारतमा सेवारत | रु ५०० |
| | | अन्य मुलुकमा सेवारत | रु १००० |
| २८ | दलित, अल्पसङ्ख्यक तथा जनजाति सिफारिस | | रु. २०० |
| २९ | घर कायम सिफारिस | | रु. २०० |
| ३० | विपन्न/असाहय छात्रबृत्ति सिफारिस | | नि:शुल्क |
| ३१ | छात्रबृत्ति सिफारिस | | रु २०० |
| ३२ | अपांगता भएको सिफारिस | | नि:शुल्क |
| ३३ | अस्थायी तथा स्थायी बसोवास सिफारिस | | रु. २०० |
| ३४ | कोर्ट फि मिनाहा सिफारिस | | नि: शुल्क |
| ३५ | नावालक परिचय पत्र सिफारिस | | रु २०० |
| ३६ | व्यवसाय दर्ता सिफारिस | थोक | रु २००० |
| | | खुद्रा | रु ५०० |
| ३७ | संस्था दर्ता सिफारिस | | रु १००० |
| ३८ | गैर सरकारी संस्था दर्ता सिफारिस | | रु २००० |
| ३९ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस | | रु ५००० |
| ४० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | रु २०० |
| ४१ | कोठा खोल्ने कार्यमा रोहवर बस्ने सिफारिस | | रु २०० |
| ४२ | जग्गा धनिपुर्जा हराएको सिफारिस | | रु २०० |

| | | | |
|---|---|---|---|
| ४३ | जग्गा/धितो मुल्याङ्कन सिफारिस | | ०.२५ |
| ४४ | अपुतालि सिफारिस | | रु १००० |
| ४५ | घर नक्सा पास दस्तुर | आर.सि.सि. | प्रति तला रु २००० |
| | | जस्ताले छाएको पक्कि | रु १००० |
| | | अन्य | रु ५०० |
| ४६ | निजी रुख कटान सिफारिस | सरकारले निकासी पैठारीमा रोक लगाए वाहेकका अन्य | रु ५०० (सिफारिस दस्तुर बाहेक प्रति रुखको रु २५ थप शुल्क लाग्नेछ । |
| ४७ | पशु फर्म दर्ता सिफारिस/नविकरणका लागि सिफारिस | चौरी फर्म | रु ३००० |
| | | गाइ फर्म | रु १५०० |
| | | भेडा फर्म | रु १००० |
| | | बाखा फर्म | रु ५०० |
| | | कुखुरा फर्म | रु ५०० |
| | | सुँगुर फर्म | रु ५०० |
| ४८ | माथि उल्लीखित बाहेकका अन्य सिफारिसका लागि | | रु २०० |

| क्र.सं | दर्ता | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | घटना दर्ता ( जन्म, मृत्यु, वसाइँसराइ, सम्बन्ध विच्छेद र विवाह) | ३५ दिन भित्र दर्ता भए निःशुल्क अन्यथा | रु १०० |
| २ | उजुरी दर्ता तथा मुद्धा दस्तुर | | रु. ५०० |
| ३ | संस्था दर्ता | सामाजिक संस्था दर्ता | रु १००० |
| | | गैरसरकारी संस्था दर्ता | रु २००० |
| | | अन्तराष्ट्रि गैर सरकारी संस्था दर्ता | रु ५००० |

| क्र.सं | व्यवसाय दर्ता | विवरण | बार्षिक दर |
|---|---|---|---|
| १ | मदिरा पसल/चुरोट विडि तथा सुतिर्जन्य | | रु. ३००० |
| २ | औषधि पसल | | रु १००० |
| ३ | हल्का पेय पदार्थ | | रु ५०० |
| ४ | सुनचाँदी पसल | | रु. १००० |
| ५ | माछामासु/फलफुल/तरकारी/ एग्रोभेट पसल | | रु ५०० |
| ६ | स्टेशनरी तथा पुस्तक पसल | | रु ५०० |
| ७ | कस्मेटिक/उपहार पसल | | रु ५०० |
| ८ | मोटर पार्टस | | रु. १००० |
| ९ | कपडा, फेन्सि , जुत्ता चप्पल , व्याग पसल | | रु २००० |
| १० | इलेक्ट्रोनिक पसल | | रु ५०० |
| ११ | हार्डवेयर, मेसिनरी | | रु १००० |
| १२ | पेट्रोलियम पदार्थ विक्रि केन्द्र | | रु ५०० |
| १३ | किराना पसल | | रु १००० |
| १४ | भाँडा पसल (प्लाष्टिक, भाँडा, स्टील, तामा , काँच, अल्मुनियम, सिल्भर ) | | रु १००० |
| १५ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | रु २००० |
| | | कन्सल्टेन्ट(इन्जिनीयरिङ सेवा) | रु २००० |
| | | कानुन व्यवसायी ल फर्म | रु २००० |
| | | लेखापरीक्षण व्यवसायी | रु २००० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | रु २००० |
| | | रोजगार सेवा | रु २००० |
| १६ | ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | | रु २००० |

| | | | |
|---|---|---|---|
| १७ | चिया नास्ता पसल | | रु ५०० |
| १८ | जग्गा तथा निर्माण व्यवसायी | | रु २००० |
| १९ | उत्पदनमुलक उद्योग (सवै प्रकारका) | | रु २००० |
| २० | होटल व्यवसायी | | रु १५०० |
| २१ | सञ्चार | एफ.एम.प्रशारण | रु. २००० |
| | | केवुल च्यानल प्रशारण | रु. २००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | रु. २००० |
| | | साइवर क्याफे, पि.सि.ओ | रु. २००० |
| २२ | बैङ्क तथा वित्तिय संस्था | वाणिज्य बैङ्क प्रति शाखा | रु. ५००० |
| | | विकास बैङ्क प्रति शाखा | रु ४००० |
| | | फाइनान्स कम्पनि प्रति शाखा | रु ३००० |
| | | वित्तीय, ऋण सहकारी संस्था | रु २००० |
| | | मनी ट्रान्सफर | रु २००० |
| | | विमा कम्पनी | रु ३००० |
| | | लघु वित्त | रु २००० |
| २३ | स्वास्थ्य सेवा व्यवसाय | निजि अस्पताल तथा नर्सिङ होम | रु ५००० |
| | | क्लिनिक तथा ल्याव | रु ३००० |
| | | चस्मा पसल | रु २००० |
| २४ | शिक्षा सेवा निजी | क्याम्पस | रु ५००० |
| | | माध्यमिक विद्यालय | रु ४००० |
| | | आधारभुत | रु. ३००० |
| | | छात्र/छात्रावास | रु १००० |
| | | पुर्वप्राथमिक विद्यालय | रु १००० |
| | | मन्टेश्वरी | रु ५०० |
| | | ट्युसन सेन्टर | रु ५०० |
| २५ | मिल (कुटानी पिशानी) | | रु ५०० |

- माथि उल्लीखित सिफारिस/प्रमाणित र दर्ता सम्बन्धि कागजात अंग्रेजी भाषामा उपलव्ध गराउनु परे सुरु दस्तुरको दोव्वर लाग्ने ।
- वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लीखित सिफारिस/प्रमाणित र दर्ता सम्बन्धि कागजात हराई वा नष्ट भइ सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लगाउन उपयुक्त हुने ।

## अनुसूची -१०
## (धुरि कर)

| करको किसिम | विवरण | करको दर |
|---|---|---|
| धुरी कर | आर.सि.सि घर | प्रति तला रु १५० बार्षिक |
| | जस्ताले छाएको पक्कि | वार्षिक रु १०० |
| | अन्य (कच्चि) | वार्षिक रु ५० |

**गाउँपालिका अध्यक्ष द्धवारा प्रमाणित मिति : २०७४।०५।२७**